# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, असार ३१ गते २०३१ साल [संख्या १४

श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको

### सूचना

**स्थानीय विकास निर्माण समिति (गठन) आदेश, २०३१**

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ :–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस आदेशको नाम "स्थानीय विकास निर्माण समिति (गठन) आदेश, २०३१" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा–

"परियोजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत चक्रेटो र घोडेटो निर्माण परियोजना वा श्री ५ को सरकारले उसरी दुर्गम पहाडी क्षेत्रहरूको लागि स्वीकृत गरेको यातायातको विकास सम्बन्धित अन्य परियोजनालाई समेत जनाउँछ ।

३. समितिको गठनः– (१) स्थानीय विकास निर्माण समिति (यस पछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायबमोजिम अध्यक्ष र सदस्यहरू रहनेछन्:–

(क) प्रतिनिधि, निर्माण तथा यातायात मन्त्रालय----------अध्यक्ष

(ख) प्रतिनिधि, अर्थ मन्त्रालय----------------------सदस्य

(ग) प्रतिनिधि, गृह पञ्चायत मन्त्रालय--------------------सदस्य

(घ) प्रतिनिधि, खाद्य, कृषि तथा सिचाइ मन्त्रालय-----------सदस्य

(ङ) महा-निर्देशक, दुर्गम क्षेत्र एवं स्थानीय विकास विभाग--सदस्य–सचिव

(३) श्री ५ को सरकारले आवश्यक ठहराएमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरूको संख्यामा थपघट वा नाममा हेरफेर गर्न सक्नेछ ।

(४) अध्यक्ष र सदस्य-सचिवको साथै अरू कुनै दुई जना सदस्य उपस्थित भएमा समितिको गणपूरक संख्या पूरा भएको मानिनेछ ।

(५) समितिमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत समेत दिन पाउनेछ ।

(६) समितिको आमन्त्रणमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ समितिको बैठकमा उपस्थित रहन सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः– (१) परियोजनाको कार्यान्वयनको सम्बन्धमा श्री ५ को सरकार र विश्व खाद्य कार्यक्रम अथवा अन्य कुनै विदेशी एजेन्सीहरूको बीचमा भएको सम्झौताहरूमा उल्लेख भएबमोजिम श्री ५ को सरकारको दायित्वहरू पूरा गर्नु समितिको मुख्य कर्तव्य हुनेछ ।

(२) उप-दफा (१) बमोजिमको कर्तव्य पालनको लागि समितिले निम्नलिखित कार्यहरू गर्न सक्नेछः–

(क) स्वीकृत परियोजनाको निर्माण कार्य छिटो छरितो र सुचारू रूपले सञ्चालन गर्ने,

(ख) स्थानीय व्यक्तिलाई ग्राहचता दिई आवश्यक कर्मचारी भर्ना गर्ने,

(ग) परियोजनाको सर्वेक्षण, रूपाङ्कन (डिजाइन) र लगत तयार गर्ने,

(घ) परियोजनाको लागि आवश्यक सामान उपलब्ध गर्न वा परियोजनासम्बन्धी निर्माण कार्यका लागि अन्तर्राष्ट्रिय वा राष्ट्रिय स्तरमा टेण्डर आह्वान गर्ने, ठेक्का-पट्टा जाँच्ने वा सदर गर्ने,

(ङ) परियोजनाको निर्माण, सञ्चालन र संभारसम्बन्धी कार्य गर्ने व्यक्तिहरूलाई आवश्यक तालीमको सुविधा प्रदान गर्ने,

(च) परियोजनाको निर्माण, सञ्चालन, संभार वा कार्यान्वयनको सम्बन्धमा नीति निर्धारण गर्ने र ती कार्यहरूको निरीक्षण गर्ने,

…रिएपछि मात्र लागु हुनेछ।

(छ) वार्षिक बजेट र आवश्यक परेमा पूरक बजेट तयार गर्ने,
(ज) परियोजना कार्यान्वियनका लागि अन्य आवश्यक कार्यहरू गर्ने ।

५. समितिको कोश र आर्थिक कारोबार:– (१) समितिको कोशमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोशबाट बेहोरिनेछ:–

(क) श्री ५ को सरकारबाट वा अरू स्रोतबाट प्राप्त ऋण,
(ख) श्री ५ को सरकार मार्फत कुनै विदेशी सरकार वा विदेशी एजेन्सीबाट प्राप्त अनुदान वा ऋण,
(ग) श्री ५ को सरकारबाट अनुदानस्वरूप प्राप्त रकम,
(घ) समितिले अरू कुनै स्रोतबाट प्राप्त गरेको रकम ।

(२) समितिले प्रत्येक आर्थिक वर्षको अन्त्यमा बचत हुन आउने रकमको एउटा छुट्टै कोश खडा गर्नेछ र त्यस्तो कोशमा जम्मा भएको रकम विशेष गरी परियोजनाको विस्तार र विकास कार्यमा खर्च गरिनेछ ।

(३) समितिको आय-व्ययको लेखा समितिले बनाएको नियमबमोजिम राखिनेछ ।

६. लेखा परीक्षण:– समितिको लेखा परीक्षण प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

७. अधिकार प्रत्यायोजन गर्न सकिने:– समितिले आफ्नो सबै वा केही अधिकार समितिको सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

८. समितिको बैठक र निर्णय:– (१) समितिको बैठक अध्यक्षले तोकेबमोजिम बस्नेछ ।

(२) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

९. ठेक्का-पट्टा र ठेक्का सदर:– समितिको निर्देशानुसार समितिको तर्फबाट गरिने सबै ठेक्का-पट्टा र सोसम्बन्धी सबै काम समितिको सदस्य-सचिव वा समितिले अधिकार दिएको परियोजनाको अधिकृतले गर्नेछ र त्यसरी गरिएको ठेक्का-पट्टा समितिले गरेको मानिनेछ ।

१०. नियमहरू बनाउन सक्ने अधिकार:– समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यक नियमहरू श्री ५ को सरकारको स्वीकृति लिई बनाउन सक्नेछ ।

११. श्री ५ को सरकारसंग सम्पर्क:– समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा गृह पञ्चायत मन्त्रालय, दुर्गम क्षेत्र एवं स्थानीय विकास विभाग मार्फत राख्नु पर्छ ।

१२. समितिको कार्यालय:– समितिको प्रधान कार्यालय काठमाडौंमा रहनेछ ।

आज्ञाले–
सहायक रथी खड्गबहादुर सिंह
श्री ५ को सरकारको का.मु. सचिव

१२३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।